# प्रथम अध्यक्षताको सन्देश, अप्रिल २०१२

## "उहाँ व्यूतिनुभएको छ"

## अगमवक्ताको गवाही

अध्यक्ष थमस एस् मनसनद्वारा

"इसाइ धर्मको प्रेरणास्पद आह्वान भनेको," अध्यक्ष थमस एस् मनसनले घोषणा गर्नुभयो, नासरेथका येशू मृत्युबाट उठ्नुभयो । "पुनरूत्थानको वास्तविकताले हरेकलाई व्यक्तिको बुझाइभन्दा धेरै परका सबै शान्ति प्रदान गर्छ" (हेर्नुहोस् फिलिप्पी ४:७) ।१

तलको उदाहरणमा अध्यक्ष मनसनले मुक्तिदाताको पुनरूत्थान प्रति कृतज्ञता व्यक्त गर्दै उहाँको गवाही व्यक्त गर्नुभयो र घोषणा गर्नुभयो कि पुत्रले मृत्युमाथि विजय पाएका कारण पृथ्वीमा आउने पिताका सबै सन्तती पुनः जिउनेछन् ।

नश्वरताभन्दा परको जीवन

"म विश्वास गर्छु हामी कसैले पनि ख्रीष्टले गेत्सामनीमा हाम्रा लागि गर्नुभएको कुराको पूर्ण महत्वलाई धारण गर्न सक्दैनौं तरपनि म मेरो जीवनको हरेक दिनमा हाम्रा लागि उहाँले गर्नुभएको प्रायश्चित्तका लागि कृतज्ञ छु ।

"अन्तिम अवस्थामा उहाँ पछि फर्किन सक्नुहुन्थ्यो तर उहाँले त्यसो गर्नुभएन । उहाँले सबै चीजको सामना गर्नुभयो ताकि उहाँले सबै चीजलाई सुरक्षित गर्न सक्नुहोस् । त्यसो गरेर उहाँले हामीलाई भौतिक अस्तित्वभन्दा परको जीवन दिनुभयो । उहाँले हामीलाई आदमको पतनबाट बचाउनुभयो ।

"मेरो हृदयको गहिराइबाट म उहाँ प्रति कृतज्ञ छु । उहाँले हामीलाई कसरी जिउने भनेर सिकाउनुभयो । उहाँले हामीलाई कसरी मर्ने भनेर सिकाउनुभयो । उहाँले हाम्रो मुक्ति सुरक्षित गर्नुभयो ।"२

मृत्युको अन्धकारलाई विखण्डित गर्ने

"ठूलो पीडा र विरामीपनको कुनै निश्चित अवस्थामा मृत्यु दया रूपी देवदूत बनेर आउँछ तर अधिकांश अवस्थामा हामीले यसलाई मानवको खुशीको शत्रुका रूपमा लिन्छौं ।

"प्रकाशित सत्यको ज्योतिका कारण मृत्यु रूपी अन्धकार देखिने छैन । 'म नै पुनरूत्थान र जीवन हूँ,' येशूले भन्नुभयो । 'मृत भएपनि जसले ममाथि विश्वास गर्नेछ ऊ बाँच्नेछः अनि जो जिउने छ र ममाथि विश्वास गर्नेछ ऊ कहिल्यै मर्नेछैन ।'

"यो सुनिश्चितता–चिहान बाहिरको जीवनको–पवित्र प्रमाण पनि हो जसले मुक्तिदाताद्वारा प्रतिज्ञा गरिएको पूर्ण शान्ति प्रदान गर्न सक्छ जब उहाँले आफ्ना चेलाहरूलाई सुनिश्चितता गराउनुभयोः 'शान्ति म तिमीहरूसँगै छोड्छु, मेरो शान्ति तिमीमा छोड्छुः मैले दिने संसारले दिएजस्तो चाहिँ होइन । तिम्रो हृदय न त समस्याग्रस्त होस् न त्रसित नै ।'"३

उहाँ यहाँ हुनुहुन्न

"हाम्रा मुक्तिदाता पुनः जिउनुभयो । मानव इतिहासका सबै घटनाहरू मध्ये मा नै अति महिमित, आनन्ददायक र पुनः सुनिश्चित गर्ने घटनाले –मृत्युमाथिको विजयले स्थान पाएको छ । गेत्सामनी अनि क्याल्भरीको पीडा र कष्ट पखालिएको छ । मानव जातिको मुक्ति सुरक्षित गरिएको छ । आदमको पतनमाथि विजय प्राप्त भएको छ ।

"पहिलो इष्टरको बिहानको त्यो खाली चिहान नै जोबको प्रश्नको उत्तर थियो, 'यदि मानिस मऱ्यो भने के ऊ पुनः बाच्छ?' तपाईंहरू सबैलाई जसले मेरो आवाज सुन्न सक्छ म घोषणा गर्छु, यदि मानिस मऱ्यो भने के ऊ फेरी बाँच्छ । हामीलाई थाहा छ किनभने हामीसँग प्रकट गरिएको सत्यको प्रकाश छ । ...

“मेरा प्यारा दाजुभाइ र दिदीबहिनीहरू, हाम्रो गहिरो पीडाको घडीमा पहिलो इष्टरको बिहान देवदूतले दिनुभएका वाणीहरूबाट हामीले अनन्त खुशी पाउन सक्छौँ: ‘उहाँ यहाँ हुनुहुन्न: किनकि उहाँ व्यूतिनुभएको छ’”४

सबै पुन: जिउनेछन्

“हामी हाँस्छौँ, हामी रून्छौँ, हामी काम गर्छौं, हामी प्रेम गर्छौं, हामी जिउँछौँ । अनि त्यसपछि हामी मर्छौं । …

“अनि मृतकका रूपमा रहने थियौँ यदि एक मानिस र उहाँको उद्देश्यका, नासरेथका येशू नभएको भए । …

“म मेरो सम्पूर्ण हृदय र आत्माको गहिराइसम्म विशेष साक्षीका रूपमा मेरो आवाजलाई उच्च पार्छु र घोषणा गर्छु कि परमेश्वर जीवित हुनुहुन्छ । येशू उहाँको पुत्र हुनुहुन्छ, मांशपेशीमा पिताका एक मात्र । उहाँ हाम्रो उद्धारकर्ता हुनुहुन्छ; उहाँ पितासँगको हाम्रो मध्यस्थकर्ता हुनुहुन्छ । उहाँ त्यही हुनुहुन्छ जो क्रूसमा बित्नुभयो र हाम्रा पापहरूका लागि प्रायश्चित्त गर्नुभयो । उहाँ पुनरूत्थानको पहिलो फल बन्नुभयो । उहाँ बित्नुभएका कारण सबै पुन: जिउनेछन् ।”५

एक व्यक्तिगत साक्षी

“म मेरो व्यक्तिगत साक्षी व्यक्त गर्दछु कि मृत्युमाथि विजय प्राप्त भएको छ, चिहानमाथि विजय हासिल भएको छ । उहाँद्वारा शब्दहरू पवित्र पारिऊन् जसले तिनलाई पूरा गर्नुभयो जुन सबैका लागि वास्तविक ज्ञान बने । तिनीहरूलाई सम्झियौँ । तिनमा खुशी बनौँ । तिनको सम्मान गरौँ । *उहाँ व्यूतिनुभएको छ* ।”६

सूचीहरू

१

“उहाँ व्यूतिनुभएको छ” ***Liahona,*** अप्रिल. २००३, ७ ।

२

“पार्टिङ,” ***Liahona,*** मे २०११, ११४ ।

३

“समय यही हो,” ***Liahona,*** जान. २००२, ६८; हेर्नुहोस् यूहन्न ११:२५-२६; १४:२७ ।

४

“उहाँ व्यूतिनुभएको छ” ***Liahona,*** मे २०१०, ८९, ९०; जोब १४:१४; मत्ती २८:६ पनि हेर्नुहोस् ।

५

“मलाई थाहा छ मेरो उद्धारकर्ता जीवित हुनुहुन्छ!” ***Liahona,*** मे २००७, २४, २५ ।

६

***Liahona,*** अप्रिल २००३, ७ ।

यो सन्देशबाट सिकाउने

अध्यक्ष मनसनको सन्देशबाट उद्धरण बाँढेपछि, इस्टरको वास्तविक अर्थका बारेमा उहाँले दिनुभएको गवाही अभिलेख गर्नुहोस् । तपाईंले परिवारका सदस्यहरूलाई तलका प्रश्नहरू पनि सोध्न सक्नुहुन्छ: “आज जीवित अगमवक्ताले प्रमाणित गर्नुभएका यी सत्यताले तपाईंलाई के अर्थ दिन्छन्? तपाईंले तिनीहरूलाई तपाईंको जीवनमा कसरी उपयोग गर्नसक्नुहुन्छ?” त्यसमाथि आफ्नो गवाहीलाई जोड्ने कुरालाई पनि महत्व दिनुहोस् ।

मैले उसलाई पुन भेट्नेछु

पुनरूत्थान

गवाही

**प्रथम अध्यक्षताको सन्देश**

**युवा**

**मैले उसलाई पुन भेट्नेछु**

**मोर्गन वेवक**

बुबाले हामी हरेक केटाकेटीलाई विशिष्ट हौ भन्ने महसुस दिलाउनुभयो । उहाँले हामीलाई माया गर्नुहुन्थ्यो र सजिलै क्षमा दिनुहुन्थ्यो । उहाँले हामी हरेक खुशी छौँ भनेर सुनिश्चित गर्नुभयो र उहाँले हाम्रा लागि उत्तम चाहनुहुन्छ भनेर पनि स्पष्ट पार्नुभयो । म उहाँलाई धेरै माया गर्थें ।

जब म छ कक्षामा थिएँ, मेरो बुबा कार दुर्घटनामा बित्नुभयो । म र मेरो परिवार पूर्ण रूपमा विच्छेदित थियो । हाम्रो परिवारमा ठूलो खाडल थियो । बुबा नै एक हुनुहुन्थ्यो जसका जसका माध्यमबाट मैले सिकेँ, यदि म समस्यामा परेँ भने उहाँसँगै जान्थेँ । सहयोग खोज्नुको सट्टा म क्रोध र खिन्नतामा रहेँ । अन्ततः मैले यो परमेश्वरको कमजोरी हो भनेर निर्णय लिएँ । मैले धर्मशास्त्र पढ्न र प्रार्थना गर्न छोडेँ । म केवल चर्च जान्थेँ किनकि आमाले मलाई त्यसो गरोस् भन्ने चाहनुहुन्थ्यो । मैले मेरा स्वर्गीय पिताबाट टाढा रहने कोशिस गरेँ ।

त्यसपछि पहिलो पटक म युवती महिलाहरूको क्याम्पमा गएँ । नयाँ साथी भेट्ने कुरा मलाई मन पऱ्यो, तरपनि मैले आफ्नो धर्मशास्त्र पढिन । अन्तिम रातमा, हामी गवाही सभामा थियौँ । मैले धेरै समयसम्म महसुस नगरेको आत्माको महसुस गरेँ । उठेर गवाही व्यक्त गर्ने केटीहरूलाई मैले प्रसंशा गरेँ तरपनि म चाहिँ बसिरहेँ किनकि मलाई लाग्यो मसँग केही छैन । अचानाक मैले म उठ्नुपर्छ भन्ने महसुस गरेँ । के भन्ने भन्दै मैले मेरो मुख खोलेँ । अनि मैले युवती महिलाको क्याम्पका लागि खुशी व्यक्त गरेँ । त्यस पछि मैले आफूलाई मलाई थाहा छ येशू ख्रीष्ट मेरा लागि मर्नुभएको हो र मेरा स्वर्गीय पिताले मलाई माया गर्नुहुन्छ र चर्च सत्य हो भनेको पाएँ ।

म अनौठो शान्तिले पूर्ण थिएँ । यो अनुभवका लागि धन्यवाद म भन्नसक्छु कि मुक्तिदाताको प्रायश्चित्त र पुनरूत्थानका कारण मैले मेरो बुबालाई पुनः भेट्न सक्छु ।

**© 2012 by Intellectual Reserve, Inc.** सर्वाधिकार सुरक्षित । यू.एस्.एमा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१० । अनुवाद अनुमोदनः ६/१० । **First Presidecy Message, April 2012** को अनुवाद । भाषा **Nepali 10364 -372**

# भेट गर्ने शिक्षिकाको सन्देश, अप्रिल २०१२

# प्रेम गर्नुहोस्, हेरचाह गर्नुहोस् र मजबुत बनाउनुहोस्

यो पाठ्य सामाग्री पढ्नुहोस् र उपयुक्त अवस्थामा, तपाईंले भेट गर्ने दिदीबहिनीहरूसँग यसबारे छलफल गर्नुहोस् । तपाईंका दिदीबहिनीहरूलाई मजबुत बनाउन र रिलिफ सोसाइटीलाई आफ्नो जीवनको एक सकीय अंश बनाउन यी प्रश्नहरूको उपयोग गर्नुहोस् ।

आस्था • परिवार • सहायता

मुक्तिदाताले जस्तै भेट गर्ने शिक्षिकाहरूले पनि एक एक गरेर सेवा गर्छन् (हेर्नुहोस् ३ निफाई ११:१५) । हामीलाई थाहा छ की भेट गर्ने शिक्षिकाका रूपमा सेवा गर्नका हामी सफल हुन्छौं जब हाम्रा दिदीबहिनीहरूले यसो भन्छन्:(१) मेरा भेट गर्ने शिक्षिकाहरूले मलाई आत्मिक रूपमा अधि बढ्न सहयोग गर्नुहन्छ; (२) मलाई थाहा छ मेरा भेट गर्ने शिक्षिकाहरूले म र मेरा परिवारको हेरविचार गर्नुहुन्छ; अनि (३) यदि मलाई समस्या पऱ्यो भने मलाई थाहा छ मेरा भेट गर्ने शिक्षिकाहरूले बिना सोधखोज कार्य गर्न सुरू गर्नुहुन्छ ।१

भेट गर्ने शिक्षिकाका रूपमा हामीले एक दिदी वा बहिनीलाई कसरी माया दर्शाउने, हेरविचार गर्ने र मजबुत पार्न सक्छौं ? भेट गर्ने शिक्षिकाहरूलाई आफ्ना दिदीबहिनीहरूलाई प्रशासित गर्न सहयोग पुऱ्याउन *Daughters in My Kingdom: The History and Work of Relief Society* को अध्याय ७ मा उल्लेखित निम्न नौ सुझावहरू छन् ।

• उनी र उनको परिवारका लागि दैनिक रूपमा प्रार्थना गर्नुहोस् ।

उनी र उनको परिवारका बारेमा जान्न प्रेरणाको खोजी गर्नुहोस् ।

• उनले कस्तो गरिरहेकी छन् भनेर जान्न अनि सान्त्वना दिन र उनलाई मजबुत बनाउन निरन्तर रूपमा भेट गर्नुहोस् ।

• भेटवार्ता, फोन, चिट्ठी, इमेल, टेक्स सन्देश र करूणाका कार्यका माध्यमबाट उहाँसँग निरन्तर रूपमा सम्पर्कमा रहनुहोस् ।

• उनलाई चर्चका सभामा स्वागत गर्नहोस् ।

• उनलाई संकटमा, बिरामी हुँदा, वा अन्य जरूरी आवश्यकता पूरा गर्न सहयोग गर्नहोस् ।

• उनलाई धर्मशास्त्रबाट र भेट गर्ने शिक्षिकाको सन्देशका माध्यमबाट सुसमाचार सिकाउनुहोस् ।

• असल उदाहरणका माध्यमबाट उनलाई प्रेरणा दिनुहोस् ।

• तिनीहरूको सेवाका बारेमा रिलिफ सोसाइटीका अगुवाहरूलाई जानकारी अनि दिदीबहिनीहरूको आत्मिक र भौतिक भलाइका लागि ।

धर्मशास्त्रहरूबाट

लूका १०:३८-३९, ३ निफाई ११:२३-२६; २७:२१

हाम्रो इतिहासबाट

"भेट गर्ने शिक्षिकाको कार्यक्रम पछिल्ला दिनका सन्त महिलाहरूका लागि विश्वव्यापीरूपमा जोसेफ स्मिथले सिकाउनुभए जस्तै प्रेम दर्शाउने, पोषण गर्ने, र परमेश्वरले हाम्रो हृदयमा राखिदिनुभएको दयाभावका माध्यमबाट सेवा गर्ने–साधन बनेको छ ।"२

भर्खरै बिधवा बनेकी एक दिदीले उनकी भेट गर्ने शिक्षिकाका बारेमा भनिन्: "उहाँहरूले मेरा कुरा

सुन्नुभयो । उहाँहरूले मलाई सान्त्वना दिनुभयो । उहाँहरू मसँगै रूनुभयो । अनि उहाँहरूले मलाई अङ्कमाल गर्नुभयो । ... (उहाँहरूले) एकल जीवनको सुरूका ती विछोड र वेदनाका केही महिनाहरूमा मलाई सहयोग गर्नुभयो ।"३

भौतिक आवश्यकताहरूको पूर्तिमा सहयोग गर्नु पनि सेवा गर्ने तरिकाहरू मध्येको एक तरिका हो । अक्टोवर १८५६ को साधारण सम्मेलनमा अध्यक्ष ब्रिघम यङ्ले भन्नुभयो कि ठेलागाडा समूहका अगुवाहरू २७०-३७० माइलस् (४३५-५९५ कि.मि.) टाढासम्म बाक्लो हिउँमा पीडित बनेका छन् । उहाँले सल्ट लेक शहरमा तिनीहरूको उद्धार गर्न पछिल्ला दिनका सन्तहरूलाई आह्वान गर्नुभयो र "हामीले भौतिक चीजहरू भन्ने गरेका ती चीजहरूको राम्रो व्यवस्था गर्न भन्नुभयो ।" ४

लुसी मेसर्भ स्मिथले अभिलेख राख्नुभयो कि महिलाहरूले न्याना स्कर्टहरू र स्टकिन्स्हरू कठ्याङ्ग्रिएका अगुवाहरूका लागि पठाउन ट्यावरन्याकलमा जम्मा पारेर ठेलागाडामा खात लगाए । त्यसपछि तिनीहरूले थोरै चीजहरू साथमा लिएर आउनेहरूका लागि ओच्छ्यान र कपडाहरूको व्यवस्था गरे । जब ठेलागाडाको समूह त्यहाँ पुग्यो, तिनीहरूका लागि आवश्यक सामग्रीहरू सहित शहरमा एउटा भवन तयार थियो । ५

सूचीहरू

१ हेर्नुहोस् जुली बी बेकको "मेरा नातिनीहरू (र नातिहरू) ले रिलिफ सोसाइटीका बारेमा बुझ्नेछन् भनेर मैले के अपेक्षा राख्ने," *Liahona,* नोभ. २०११, ११३ ।

२ **Daughters in My Kingdom: The History and Work of Relief Society** (२०११), ११२ ।

३ ***Daughters in My Kingdom,*** ११९-२०

४ ब्रिघम यङ्, सारांश, ***Deseret News,*** अक्टोवर, १५, १८५६, २५२ ।

५ हेर्नुहोस् ***Daughters in My Kingdom,*** ३६-३७ ।

थप जानकारिका लागि, **www.reliefsociety.lds.org** मा हेर्नुहोस् ।

मैले के गर्न सक्छु ?

१ मेरा दिदीबहिनीहरूलाई के आवश्यक छ भनेर म कसरी जानौँ?

२ मैले उहाँहरूका बारेमा गहिरिएर मनन गरिरहेको छु भनेर मेरा दिदीबहिनीहरूले कसरी थाहा पाउनुहुन्छ?

**© 2012 by Intellectual Reserve, Inc.** सर्वाधिकार सुरक्षित । संयुक्त राज्य अमेरिकामा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१० । अनुवाद अनुमोदनः ६/१० । **Visiting Teaching Message, April 2012** को अनुवाद । भाषाः **Nepali. 10364-372**